पैठारी गर्नेलाई सरह बिगो जफत गरी बिगोबमोजिम दण्ड गरी ७ महिना कैद गर्ने ।

(९) यो नियमहरू खिलाप काम भएको पक्राउ गर्ने वा गराई दिने सरकारी कर्मचारी वा गैऱ्ह सरकारीलाई जफत भएको बिगो र उपर भएको जरिवाना शयकडा २० बीस कमिशन दिने ।

(१०) भन्सार सुविधा पाएका व्यक्तिलाई र श्री ५ महाराजाधिराजबाट विशेष इजाजत बक्सेका व्यक्तिहरूलाई यी नियमहरू लाग्दैन ।

आज्ञाले —
हिमालयशमशेर
सेक्रेटरी—अर्थमन्त्राल.

## अर्थमन्त्रालयको
## सूचना

भ्रमण तथा दैनिक भत्ताको सम्बन्धमा निम्न लेखिएबमोजिमको सवाल जारी गर्ने निर्णय भएको हुनाले सूचित गरिएको छ

## भ्रमण तथा दैनिक भत्ताको
## सवाल

(१) भ्रमण भत्ता, कुनै कर्मचारीलाई सरकारी नोकरीको निमित्त भ्रमण गर्दा, उसले गरेको वास्तविक खर्चको पूर्तिको निमित्त दिइएको हो । यो भत्ता लाभको एउटा साधन हुन हुँदैन । यो एउटा मूल सिद्धान्त हो ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०१



(२) दौडाहा गर्ने र सरकारी कुनै काममा सदरबाट मध्येश र पाहाड, मध्येश र पहाडका एक जिल्लाबाट अर्का जिल्लामा अथवा सदरमा जाँदा आउँदा तथा सरुवा, बढुवा भै हालका अड्डामा जाँदासमेत पाउने भरिया खर्चबापतको भत्ता र रेल भाडासमेत बारेमा साबिक भैरहेको साबिक सवाल सनद आदेशहरू सबै खारेज गरी अबउप्रान्तलाई तल लेखिएका काम कामलाई तल लेखिएबमोजिम सफर खर्च, दैनिक भत्ता, रेल, मोटरभाडा दिने नयाँ दरबन्दी निर्धारित गरिदिएको छ। निकाशा दिने अड्डाहरूले सोबमोजिम निकाशा दिने र कुमारीचोकबाट पनि लेखिएको दरमा नबढाई खर्च लिए दिएकोमा मिन्हा, मोजरा दिने गर्नुहोला।

(३) भ्रमण भत्ताको हिसाब गर्दा दुइ स्थानको बिच गर्नुपर्ने भ्रमण व्यवहारिक बाटोहरूमध्ये सबभन्दा छोटो बाटोबाट तथा बराबर बाटोहरूमध्ये सबभन्दा किफायत खर्चको बाटोबाट भरेको मानिनेछ।

(४) दौडाहा खर्च र सरकारिया कुनै काममा हाल सरहद वा बिदेशमा जाँदा, आउँदा अथवा सरुवा बढुवा भएकोले हालको अड्डामा जाँदा दर्जा र मासिक तलबको आधारमा तपसीलका ग्रेडहरू विभाजन गरिदिएको छ।

(क) विशेष श्रेणी पहिला, दोश्रा श्रेणी र अरू गजेटेड अफिसरहरूलाई —————————पहिलो ग्रेड,

(ख) नन् गजेटेड अफिसर र १००–१५०, १०५ – २००, १२५–२१०, १२०–२४०, १६० – ३००, का स्केलवालाहरूलाई ——————————— दोस्रा ग्रेड,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०५

(ग) हाकिम तहरीर तथा फाँटवाला डिट्ठा, खरीदार, हेड क्लर्क र ६०–१८०, ६०–१००, ७०–१३०, का स्केलवालाहरूलाई ——————————— तेस्रा ग्रेड,

(घ) सीनियर जूनियर, क्लर्क ५०–६०, ४५–८०, ४०–७०, ३५–६०, ३०–४५, ४५–६०, ३५–५०, २७–३५, २५–३०, २२–२७, का स्केलवालाहरूलाई— चौथा ग्रेड,

(५) विभिन्न दर्जाका सरकारिया कर्मचारीहरू विभिन्न बाटोबाट जाँदा तपसीलबमोजिमको खर्च दिइनेछ ।

(क) रेलबाट जाँदाः— रेल्वे क्लासः—

| | |
|---|---|
| पहिला ग्रेडका कर्मचारी | फष्ट क्लास |
| दोस्रा ग्रेडका कर्मचारी | सेकेन्ड क्लास |
| तेस्रा ग्रेडका कर्मचारी | इन्टर क्लास |
| चौथा ग्रेडका कर्मचारी | ठर्ड क्लास |

मोटर बस सवारीमा क्लास छुट्टिएको सवारी पाएमा क्लासैबमोजिम भाडा लिन पाउनेछ ।

(ख) जमीनको बाटोबाट जाँदाः—

जमीनको बाटोबाट जानुपरेमा आफू हिंडेको प्रत्येक कोशको निम्न लिखित हिसावले खर्च पाउनेछ ।

| | पहाडतर्फ मोरु | तराईतर्फ कंरु |
|---|---|---|
| पहिलो ग्रेड कर्मचारी— | — २। | १॥ |
| दोस्रा ग्रेड कर्मचारी — | — १। | ॥। |
| तेस्रा ग्रेड कर्मचारी — | — ।५० | ।= |
| चौथा ग्रेड कर्मचारी— | — ।२५ | ।= |

अधिकारिकता … विभागबाट प्रमाणित गरि… मात्र लागु हुनेछ।

(ग) काममा हिंडेको र कामबाट फर्केको दिनको समेत दैनिक भत्ता दिने गरी काममा खटिई गएका कामदार कर्मचारीहरुलाई आफूले खाई आएको तलबबमोजिम निम्न लिखित दरले दैनिक भत्ता खानाखर्च बापत दिइएको हुँदा अरु किसिमको सफर खर्चका साथ साथ सो दैनिक खर्च पनि दिइनेछ।

| मासिक तलब रु :— | दैनिक भत्ता :— |
|---|---|
| ३४ सम्म खानेलाई | १ |
| ३५ देखि ६६ सम्म खानेलाई | २ |
| ७० देखि ११६ सम्म खानेलाई | ३ |
| १२० देखि १३६ सम्म खानेलाई | ४।५० अथवा ४।८ |
| १४० देखि १८० सम्म खानेलाई | ५। |
| १८० देखि २०० सम्म खानेलाई | ६। |
| २०० भन्दा बढी खानेलाई | ७। |

(६) सरुवा बढुवा भै हालका अड्डामा जानेहरुलाई, सरकारतर्फबाटै खटाएकाले मात्र भ्रमण खर्च, दैनिक भत्तासमेत दुवैथोक पाउँछ । तर आफ्नु मन्जूरीले जानेहरुलाई भ्रमण भना खर्च मात्र दिइनेछ, दैनिक भत्ता दिइनेछैन ।

उपरोक्त दफामुताबिक सरुवा बढुवा भ हालका अड्डामा जाने कर्मचारीहरुले आफ्ना स्वास्नी र छोरा छोरीहरु लैजाँदा रेल मोटर इत्यादि सवारीको हकमा आफूले पाउने दर्जाअनुसारको क्लासबमोजिम लागेको खर्च प्रत्येक जवानले पाउनेछन । तर दैनिक भत्ताको हकमा आफूले पाउनेमा डवलसम्म पाउनेछ, अरु पाउनेछैन ।

सरकारिया कर्मचारी विदेशमा गई काम सिक्न अथवा पढ्न जाँदा तपसीलबमोजिमको खर्च पाउनेछः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) भ्रमण खर्चका हकमा माथि लेखिएबमोजिमको दरले पाउनेछ।

(ख) दैनिक भत्ताका हकमा आफूले खाई आएको तलबबमोजिम अङ्क-सम्म भत्ता पाउनेछ। सो बढीसे बढीमा रु ३६० सम्म मात्र पाउनेछ।

(७) दौडाहामा खर्चको बील जुन विभाग अथवा माथिको अफिसरहरूले खटाएको छ, सोही विभाग अथवा मानिसले सो बील सर्टिफाई गर्नुपर्छ। सर्टिफाई गर्ने अफिसरे अथवा अफिसरले दौडाहा खर्च निकाशा गर्दा ऐन सवालबमोजिम गरी निकाशा गर्नुपर्छ।

(८) अघि भइरहेका सवालले मध्येशतर्फ वीरगञ्जसम्म र पहाड पूर्वतर्फ इन्द्रायणी रोसीखोला पश्चिमतर्फ त्रिशूलीसम्मको काममा जानेले भत्ता नपाउने गरी आएकोमा अब सदरबाट जानेमा चार भन्ज्याङ नावे-पछि र मध्येश पहाडबाट जानेमा आफू बसेका अड्डाबाट ५ कोश नाघी रात बस्ने गरी जाने भएमा पाउने भएकोले सोबमोजिम पाउनेछ।

(९) खान्गीमाथि भत्ता खाइरहेकोलाई र सो नखानेहरूमा पनि गौंडा गढीका पल्टन कम्पनीको तैनाथ पाई सो पल्टन कम्पनीका जवानहरू-साथमा लानेजतिले पनि भत्ता नपाउने गरी आएकोमा अबउप्रान्त दौडाहा जाँच इत्यादि कामलाई नै पनि किटी भत्ता ठेकी खाइरहेकोले बाहेक अरु सबैले पाउने दरबन्दी भएकोले त्यस्ता जवानले पनि सफर दैनिक भत्ता पाउनेछ।

(१०) साबिकमा क र ख २ क्लास गरी र मुख्य भै जानेके यति, मातहत भई जानेके यति भर्ना एकै किसिम दर्जाका मानिसलाई पनि दुइ रूल-बाट भत्ता पाउने गरी आएकोमा अब एकै दर्जाअनुसार पाउने नियम भएको हुनाले सबैले आफ्ना आफ्ना दर्जाअनुसार एकै दरले पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) माथि लेखिएबमोजिमको भत्ता खर्च लेखिदिंदा मध्येशतर्फ जानेलाई हिन्दीनोट कम्पनी र पहाडतर्फ जानेलाई नेपाली नोट मोहर रुपैयाँ दिइनेछ ।

(१२) सरकारी काममा नेपाल आउँदा जाँदा तालुकवालाका आडर दस्तखतले पठक भएको एन्. जी. रेल्वे, रेल्वेका जनरल मेनेजरके कंरु १२० एन्. जे. जे. रेल्वेका जनरललाई कंरु १४० बाटोखर्च डि, जि, कन्टेन्जेन्सीबाट लिने ०७ साल मार्ग २ गते खड्गनिशाना तोक सदर भैरहेको भए पनि र यस्तै अरु कुनै विभागको कर्मचारीहरूलाई दिंई आएको भए अबउप्रान्त सो खारेज भरी यसै दरबन्दीबमोजिम दिइनेछ ।

(१३) हवाई बाटो जानुपर्ने जरुरी कामलाई हवाई बाटो जानू भन्ने आदेश पै सुनाई दिने हुनाले त्यस्तालै बाहेक अरुले हवाई बाटो जान पाउँदैन ।

(१४) हिन्दुस्थानतिर काममा जानुपर्ने भएमा माथि लेखिएको दैनिक भत्ताले केही नपुग्ने भएको हुनाले सो अङ्कमा शयकडा ५० बढाई दिनेछन् । तर कलकत्ता बम्बई, दिल्लीको लागि शयकडा सय बढाइदिने ।

(१५) फ्रीभसन र राशनबापत भत्ता पाउने जवानहरूले दैनिक भत्ता पाउँदैनन् ।

(१६) यो भत्ताहरू सरकारतर्फबाटै खटिने सरकारको मन्जूरी सवाल समझले खटिने जवानहरूले मात्र पाउनेछन् ।

(१७) यसमा लेखिएका दर बन्दोबस्तबाट घट बढ गर्नुपरेमा अर्थमन्त्रालयको स्वीकृति लिनुपर्छ ।

(१८) यो दरबन्दी निस्केपछि ट्राभेलिंग आलाउन्ससबारेमा भैरहेका सवाल सनद दरबन्दि अडर पुर्जीहरू जे छ. सबै खारेज हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# अर्थमन्त्रालयको सूचना

## मूगर्भबाट पैदा हुने चिजको दरबन्दी

उपरोक्त विषयमा देहायबमोजिम महसूल लिने निर्णय सरकारबाट गरेको हुनाले सूचना गरिएको छ । सोबमोजिम महसूल लिने गर्नु गराउनुहोला ।

| वस्तुहरु | हिन्दुस्थानी सिक्का निकाशी | हिन्दुस्थानी सिक्का पैठारी | नेपाली सिक्का निकाशी | नेपाली सिक्का पैठारी | कैफियत |
|---|---|---|---|---|---|
| नून गैल्ह माल | माफी | माफी | माफी | माफी | माफी |
| सिमन्टी | ।३। मति मनको | ।३। पति मनको | ।२४ मति मनको | ।२४ मति मनको | |
| ऐ बाट बनेको माल | ५ सैका मोलको | ५ सैका मोलको | ५ सैका मोलको | ५ सैका मोलको | |
| सिहमर्मर र ऐबाट बनेको माल | २ ऐ | १० ऐ | २ ऐ | १० ऐ | |
| अरु पत्थरबाट बनेको माल | २ ऐ | ५ ऐ | २ ऐ | ५ ऐ | |
| अलकत्रा | ।८। प्रतिमन | ।८। प्रतिमन | ६३। प्रतिमन | ६३। प्रतिमन | |
| अबरख | १०। ऐ | १०। ऐ | १२।५० ऐ | १२।५० ऐ | |
| फटकिरी | १।८ ऐ | १।८ ऐ | १।८८ ऐ | १।८८ ऐ | |
| चून | ।२। ऐ | ।४। ऐ | ।१६ ऐ | ।३२ ऐ | |
| काँच फटिक पोर्सेलिनका भाँडा वर्तन र थालहरु | ७½ सैका मोलको | ७½ सैका मोलको | ७½ सैका मोलको | ७½ सैका मोलको | |

आधिकारिकता ... विभागबाट प्रमाणित गरिएको छ मात्र लागु हुनेछ।